पैयूँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हुवास पर्वत

**सार्वजनिक सुनुवाई-आ.व २०८१/०८२**

नेपालको संविधान को प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित रही समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्दै समतामुलक समाजको परिकल्पना गरिएको छ ।

संघीय शासन व्यवस्थामा स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको लाभांश सम्पूर्ण हिसाबले सार्वभौम जनताले नै पाउनु पर्दछ भन्ने The principle of subsidiarity को सिद्दान्त अनुरुप नागरिकका सम्पूर्ण अपेक्षा र आवश्यकताको परिपूर्ति गर्न जनताको Voice, Choice and Right को सम्बोधन गर्न नागरिककै तहबाट आवाज सुन्नु पर्दछ भन्ने मान्यता रहेको छ । आज हामी हजुरको त्यही आवाज सुन्न यो विशिष्ट समारोहमा जुटेका छौं । तपाइँ सम्पूर्णलाई पैयूँ गाउँपालिकाको आ.व २०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रममा हार्दिक स्वागत गर्दै, तपाइँहरुको यो उत्साहजनक सहभागिताले हाम्रो सकारात्मक उर्जा अझै थप भएको विश्वास व्यक्त गर्दछु । सार्वजनिक सुनुवाइलाई नागरिकको सूचनाको हकको प्रवर्द्धन गर्ने माध्यमको रूपमा लिइन्छ भने सार्वजनिक सुनुवाइले सुशासनको मान्यतालाई आत्मसात् गरेको हुन्छ ।

लोकतन्त्रमा विधिको शासन, कानूनि राज्य, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो, भरपर्दो, गुणस्तरिय र प्रभावकारी हुनुपर्दछ ।

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३० तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम १९ मा प्रत्येक सार्वजनिक निकायले सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ ।

सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राहीसमक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी गराउने, कार्यालयबाट सेवाग्राहीहरुलाई उपलब्ध गराइएका वा गराइने सेवा सुविधाहरुको बारेमा जानकारी दिने, कार्यालयसंग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरी, कार्यालयबाट चालू आर्थिक वर्षमा सञ्चालन गर्न लागिएका र सम्पन्न भएका योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनको अवस्था, उपलब्धि, चुनौती र आगामी सुधारका सम्भावनाहरूलाई साझा गर्ने प्रयत्न गरेका छौं।

**सार्वजनिक सुनुवाईलाई जनताको अदालत पनि भन्ने गरिन्छ किनकी**

- यसबाट जनताको सूचनाको हक र पारदर्शीता प्रवर्द्धन हुन्छ।
- सार्वजनिक निकायबाट हुने सेवा प्रवाहमा देखिएका समस्याको निराकरणमा सहयोग पुग्छ ।
- सेवाग्राही वा लाभग्राहीको गुनासो सुन्न र सन्तुष्टिको अवस्था थाहा पाउन सकिन्छ ।
- सार्वजनिक निकाय र नागरिकहरूबीच दोहोरो संवाद स्थापित हुन्छ।
- भ्रष्टाचार र अनियमितता अन्त्य गर्दै पारदर्शी र उत्तरदायी शासनको प्रवर्द्धनमा टेवा पुग्छ ।
- सेवाप्रदायक र सेवाग्राहीबीचको सम्बन्धलाई समुधुर बनाउँदछ।
- समग्रमा सुशासन अभिवृद्धिमा टेवा पुग्दछ ।

अन्त्यमा

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

स्थानीय सरकार र सार्वभौम नागरिक बीचमा दोहोरो संवाद स्थापित गर्न र त्यस्तो संवादबाट जनतालाई स्थानीय विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्धारा समग्र पैयूँको विकास निर्माण कार्य र सेवा प्रवाहको स्थितिलाई प्रभावकारी र गुणस्तरीय बनाई सार्वजनिक पदाधिकारीहरूमा जिम्मेवारीको संस्कार बसाउन तथा नागरिकको सन्तुष्टिलाई मुखरित गर्न सार्वजनिक सुनुवाई महत्वपूर्ण साधन हो । यसबाट सार्वजनिक निकायको सेवा थप जनमुखी पारदर्शी र छिटो छरितो हुनुका साथै सरकार र नागरिकबीचको सम्बन्ध पनि बलियो हुन्छ । वर्तमान सूचना र प्रविधिको युगमा हामी तपाईँहरु संग Information Technology का बिभिन्न आयाम बाट निरन्तर जोडिएका छौं । Website, Social Sites, Email तथा बिभिन्न Software हरुको प्रयोग मार्फत सेवा प्रवाह र विकास व्यवस्थापन लाइ नागरिक मैत्री बनाउने प्रयासमा हामी निरन्तर क्रियाशील रहेको यहाँहरुलाइ जानकारी नै छ । हामीले प्राप्त गरेको स्रोत-साधनको मितव्ययी, कुशल र प्रभावकारी उपयोग गर्दै जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउने काममा निरन्तर लागि परेका छौं। तर, अझ सुधारको खाँचो छ भन्ने हामी स्विकार गर्छौं। तपाईहरूको यथार्थपरक प्रतिक्रिया र आलोचना नै हामीका लागि आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाहको प्रेरणा हुनेछ।

अन्त्यमा, यहाँहरूबाट प्राप्त सुझाव र सिफारिसलाई संकलन गरी आगामी योजना, नीति तथा कार्यक्रमहरूमा प्राथमिकताका साथ समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

साथै पैयूँ गाउँपालिकाको आ.व. ०८१/०८२ मा हालसम्म भएका कार्य सम्पादनको प्रगति प्रतिवेदन यहाँहरु समक्ष उपलब्ध गराएको छु।

धन्यवाद, नमस्कार ।

**जीवन गैरे,**
**प्रमुख प्रशासकीय अधिकृत**
**पैयूँ गाउँपालिका, पर्वत**
**जेष्ठ २१,२०८२**

**गाउँपालिकाको परिचयः-**

**<u>भौगोलिक तथा जनसाङ्खिक मानचित्र</u>**

| सि.न. | शिर्षक | विवरण |
|---|---|---|
| १ | **क्षेत्रफल व.कि. मि.** | **४२.६५** |
| | कृषि योग्य भूमी | २८.४० |
| | वनजंगलले ओगटेको | ९.९६ |
| | अन्य | ४.२९ |
| २ | **जनसंख्या कुल** (जनगणना २०७८) | **१२७२५** |
| | महिला | ६७९६ |
| | पुरुष | ५९२९ |
| ३ | **साक्षरता प्रतिशत** | **८१.२१** |
| ४ | **समावेश भएका साविकका गाविसहरु** | **भोर्ले, सरौखोला, हुवास, त्रिवेणी, बेउलीबास र टकलाक** |
| ५ | **वडा संख्या** | ७ |
| ६ | **सीमाना जोडिएका स्थानीयतहहरु** | |
| | **पूर्व** | **वालिङ र भिरकोट नगरपालिका** |
| | **पश्चिम** | **विहादी गाउँपालिका** |
| | **उत्तर** | **महाशिला गाउँपालिका** |
| | **दक्षिण** | **गल्याङ नगरपालिका** |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

१) गाउँपालिकाको आय व्ययको अवस्थाः

**आन्तरिक आयको अवस्था वडा समेत २०८१ श्रावण देखि २०८२ बैशाख मसान्त सम्मको**

| विवरण | प्राप्त रकम |
|---|---|
| गाउँपालिका तर्फ | १९,१५,३८४.८७ |
| वडा नं. १ | २,२४,२५६.५० |
| वडा नं. २ | ३,१९,९२१.५० |
| वडा नं. ३ | ३,५२,५५०.०० |
| वडा नं. ४ | ७,१९,२३७.१० |
| वडा नं. ५ | ३,१८,०८८.९० |
| वडा नं. ६ | ३,९५,४२०.०० |
| वडा नं. ७ | ३,८०,३२५.०० |
| **जम्मा** | ४६,२५,१८३.८७ |

**चालु तथा पूजीगत बजेट विनियोजन र खर्च विवरण**

| क्र.स. | खर्चको वर्गिकरण | अनुमानित बजेट | कुल बजेट % | हाल सम्मको खर्च | बजेटमा खर्च % |
|---|---|---|---|---|---|
| १ | चालु प्रकृतिका बजेट तथा कार्यक्रम | ३० करोड ८० लाख ४ हजार ८०० | ७५.०२ | २१ करोड ६० लाख ८ हजार | ७०.१३ |
| २ | पुंजीगत प्रकृतिका बजेट तथा कार्यक्रम | १० करोड २५ लाख २८ हजार | २४.९८ | २ करोड ८० लाख ६५ हजार | २७.३७ |
| | जम्मा | ४१ करोड ५ लाख ३२ हजार ८०० | १०० | २४ करोड ४० लाख ७४ हजार | ५९.४५ |

**क्षेत्रगत बजेट खर्चको विवरण**

| क्र.स. | बजेट विनियोजनका क्षेत्र | अनुमानित बजेट | कुल बजेट % | खर्च रकम | बजेटमा खर्च % |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २ करोड ७५ लाख ९५ हजार | ६.७२ | १ करोड २१ लाख ५२ हजार १८० | ४४.०४ |
| २ | सामाजिक विकास | २३ करोड ११ लाख ५३ हजार ८०० | ५६.३० | १५ करोड ९२ लाख ८३ हजार ४८ | ६८.९१ |
| ३ | पूर्वाधार विकास | ७ करोड ४८ लाख ३४ हजार | १८.२२ | १ करोड ८७ लाख ४९ हजार ८७९ | २५.०६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्ध | ९६ लाख | २.३३ | ४३ लाख ७३ हजार १५३ | ४५.५५५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६ करोड ७३ लाख ५० हजार | १६.४० | ४ करोड ९५ लाख १५ हजार ९१९ | ७३.५२ |
| | जम्मा | ४१ करोड ५ लाख ३२ हजार ८०० | १०० | | ५९.४५ |

**प्रशासकीय भवन वडा समेत अवस्था**

| सि.न. | शिर्षक | अवस्था | कैफियत |
|---|---|---|---|

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १ | कार्यालयको प्रशासकिय भवन | निर्माण सम्पन्न भएको | गाउँपालिकाको नव निर्मित प्रशासकीय भवन हस्तान्तरण भई सेवा प्रवाह भईराखेको |
| २ | वडा कार्यालयहरुको भवन | ७ ओटा वडा कार्यालय आफ्नै भवनमा सञ्चालनमा रहेका। | यसै आर्थिक बर्षदेखि |

**सवारी साधनको अवस्था**

| सि.न. | साधनको प्रकार | संख्या | हालको अवस्था |
|---|---|---|---|
| १ | जीप गाडी (ईसुजु-१, बोलेरो-१ र स्कार्पिओ-१) | ३ | स्कार्पिओ १ सञ्चालनमा नरहेको |
| २ | मोटरसाइकल (वडा समेत) | १६ | सबै सञ्चालनमा रहेको |
| ३ | स्कुटर (वडा समेत) | २ | |
| ४ | व्याक्होलोडर | १ | |
| | **जम्मा** | २२ | |

**कर्मचारी विवरणः- ६७ जना**

- गाउँपालिका तर्फ -४७
- वडा तर्फ-२०
- स्थायी-३१ जना र अस्थायी-१ र करार ३५ जना

(प्रधानमन्त्री रोजगार कार्यक्रम, पञ्जिकरण, लघु उद्यम विकास कार्यक्रम, एक गाउँ एक प्राविधिक, कार्यालय सहयोगी र सवारी चालक समेत)

**स्वास्थ्य तर्फका कर्मचारीः ६६ जना**

- स्थायी- २८ जना र करार ३८ जना

२) **गाउँपालिकाको नीतिगत अवस्था :-**

**कार्यपालिकाको बैठक सम्बन्धी विवरण**

| बैठक संख्या | निर्णय संख्या |
|---|---|
| १३ | ९७ |

**गाउँसभा तथा कार्यपालिकाबाट पास भएका ऐन, नियम, कार्यविधि र मापदण्डको संख्या**

| सि.न. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | २५ |
| २ | नियमावली | ०३ |
| ३ | कार्यविधी | ५१ |
| ४ | मापदण्ड | ०३ |
| | **हाल सम्मको जम्मा** | ८२ |
| | **यस आ.व.मा १ ऐन र १० वटा कार्यविधि र २ वटा मापदण्ड बनेको छ** | |

३) **कार्यालयबाट सम्पादन भएका सेवा प्रवाहको अवस्थाः**

पैयूँ गाउँपालिकाको संस्थागत सुशासन तथा सेवाप्रवाह अन्तर्गत सम्पूर्ण वडा कार्यालयहरुको आधुनिक र सुविधासम्पन्न भवन निर्माण सम्पन्न भएको छ। सबै शाखाबाट सम्पादन हुने कार्यमा चुस्तता, पारदर्शीता र व्यावसायिकता प्रवर्धन गरिएको छ. सेवा

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

प्रवाह योजना कार्यन्वयनको अवस्था बारे जानकारी, गुनासो व्यवस्थापन एबम नागरिकका सुझाव संकलनको लागि, वेबसाइट एवम सामाजिक संजाल मार्फत निरन्तर जनतासंग जोडिने प्रयास गरिएको छ। सबै वडा कार्यालय बाट अनलाईन मार्फत सामाजिक सुरक्षालाई व्यवस्थित गरिएको छ, हाल सामाजिक सुरक्षाको काम Electronic Fund Transfer ( EFT) मार्फत सञ्चालनमा आएको छ। पंजिकरणलाई अनलाईन प्रविधि मार्फत जोडिएको छ, राजश्व र कर वडा कार्यालयहरु बाटै अनलाइन सेवा वाट लिने गरिएको छ।

## पञ्जिकरण र विभिन्न सिफारिसहरु

| वडा नं. | जन्म | मृत्यु | विवाह | बसाइसराई आएको | बसाइसराई जाने | सम्बन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३६ | ९ | १६ | | ३४ | | ७२ |
| २ | ५१ | २३ | ३१ | ४ | ३४ | ९ | १२६ |
| ३ | ९० | २५ | ३२ | ६ | ६७ | ४ | १७४ |
| ४ | ४६ | २२ | २७ | १६ | २६ | १ | १११ |
| ५ | ५६ | २१ | ३८ | ३ | ६१ | ५ | १४० |
| ६ | ७८ | २२ | ३३ | | ६७ | १ | १५३ |
| ७ | ७६ | २६ | ३१ | ४ | ५२ | २ | १५१ |
| जम्मा | ४३३ | १४८ | २०८ | ३३ | ३४१ | २२ | ९२७ |

**(मिति २०८१-०१-०१ गते देखी २०८१-१२-३१ गते सम्म दर्ता भएका घटना दर्ता विवरण)**

## व्यवसाय दर्ता

| वडा नं. | दर्ता संख्या | नविकरण गरेका |
|---|---|---|
| १ | २० | ५ |
| २ | ९२ | ४५ |
| ३ | ६४ | ३५ |
| ४ | २५९ | १०९ |
| ५ | २१ | ८ |
| ६ | ६० | ३१ |
| ७ | ३० | १३ |
| जम्मा | ५४६ | २४६ |

## अपाङ्ग परिचयपत्र वितरण

| अपाङ्गताको प्रकृती | क बर्ग संख्या | ख बर्ग संख्या | ग बर्ग संख्या | घ बर्ग संख्या | जम्मा |
|---|---|---|---|---|---|
| हाल सम्मको जम्मा | ३७ | ६२ | ६६ | २४ | १८९ |
| यस आ.व.मा मात्र | १ | ४ | २ | २ | ९ |

## किसान सुचिकरण हाल सम्मको

| वडा नं. | तथ्याङ्क लिएको संख्या | प्रमाणित भएका किसानको संख्या | कैफियत |
|---|---|---|---|
| १ | २४० | ११२ | |
| २ | ३३५ | १५३ | |
| ३ | ४०३ | २०५ | |
| ४ | ३९० | ६८ | |
| ५ | ३१९ | १४२ | |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ६ | ३१७ | ४२ | २,२२० विवरण प्रविष्ट गरिएकोमा २ वटा विवरण अस्वीकृत र ७२ वटा विवरण अपूर्ण रहेका छन्। |
| ७ | २९१ | १७९ | |
| जम्मा | २२९५ | ९०१ | |

## स्थानीय न्यायिक समितिको कार्य सम्पादन विवरण

| आ.व.०७९/८० को विवरण | आ.व.०८०/८१ को विवरण | आ.व.०८१/८२ को विवरण | हालसम्म |
|---|---|---|---|
| उजुरी संख्याः ७ | उजुरी संख्याः ६ | उजुरी संख्याः ६ | उजुरी संख्याः१९ |
| जिल्ला पठाएको :- १ | मेलमिलापः- २ | जिल्ला पठाएको :-१ | जिल्ला पठाएको :-२ |
| मेलमिलापः- ६ | तामेलीमा रहेकोः ४ | मेलमिलापः- १२ | मेलमिलापः-१५ |
| | | तामेलीमा रहेकोः २ | तामेलीमा रहेकोः२ |
| | | | |

### सामाजिक सुरक्षा सम्बन्धी विवरणः भत्ता लिनेको संख्याः-२२२३- (रकम रु. ६ करोड ४० लाख २७ हजार ८ सय २)

| वडा नं. | अन्य जे. ना. संख्या | जे.ना. | जे.ना. एकल महिला | विधवा | क-वर्ग | ख-वर्ग | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०८ | १७ | १६ | २२ | ० | ४ | ३२ | १९९ |
| २ | २०१ | ६ | २३ | २३ | ३ | ८ | ११ | २७५ |
| ३ | २१६ | ३५ | ३८ | ५४ | ३ | ७ | ६२ | ४१५ |
| ४ | १८३ | ३८ | २३ | ३९ | ४ | ७ | ५३ | ३४७ |
| ५ | १९९ | १३ | २८ | २९ | ७ | ८ | ४५ | ३२९ |
| ६ | २१० | ९ | २१ | ४० | ७ | ८ | १६ | ३११ |
| ७ | २०७ | २२ | ३० | ४४ | ४ | ७ | ३३ | ३४७ |
| जम्मा | १३२४ | १४० | १७९ | २५१ | २८ | ४९ | २५२ | २२२३ |

## भू-उपयोग तथा जग्गा बर्गिकरणको विवरण

| भू- वर्गिकरण | क्षेत्रफल हेक्टरमा |
|---|---|
| कृषि क्षेत्र | ३०६५.४५ |
| आवासीय क्षेत्र | ११२.५८ |
| व्यवसायीक क्षेत्र | १.४८ |
| औधोगिक क्षेत्र | १.०६ |
| वन क्षेत्र | ८०७.२ |
| सार्वजनिक उपयोग क्षेत्र | १८८.१३ |
| अन्य क्षेत्र | २.७१ |
| नदि, ताल तथा सिमसार क्षेत्र | ८६ |
| **कुल जम्मा** | **४२६४.४१** |

## विभिन्न संघ संस्थाहरु संगको सहकार्य

| क्र.स. | सहकार्य गरेको कार्यक्रम | संघ/संस्थाको नाम | सेवा लिएको संख्या |
|---|---|---|---|
| १ | बृहत सेवा सहितको स्वास्थ्य शिविर | लायन्स क्लब र लियो क्लब अफ पोखरा चौतारी, मोडेल अस्पताल तथा दृष्टि आँखा अस्पताल | ३०३ जनाले सेवा लिइको |
| २ | छाती रोगसम्बन्धी बृहत स्वास्थ्य शिविर | प्रादेशिक क्षयरोग केन्द्र, पोखरा | ९५७ जनाले सेवा लिइको |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

## आ.व. ०८१/८२ को लागि वडागत विनियोजन भएका योजनाहरुको विवरण

| वडा नं. | सम्झौता भएका योजना संख्या | सम्पन्न भएका योजनाहरु | सम्पन्न हुन बाँकी योजनाहरु | सम्पन्न प्रतिशत |
|---|---|---|---|---|
| १ | २५ | १६ | ९ | ६४ |
| २ | २७ | १६ | ११ | ५९.२५ |
| ३ | ४९ | ३७ | १२ | ७५.५१ |
| ४ | ४४ | ३१ | १३ | ७०.४५ |
| ५ | २७ | १५ | १२ | ५५.५५ |
| ६ | २९ | १८ | ११ | ६२.०६ |
| ७ | २९ | २० | ९ | ६८.९६ |
| **जम्मा** | **२३०** | **१५३** | **७७** | **६६.५२** |

## गाउँपालिका स्तरीय ठेक्का प्रकृयाबाट सञ्चालित योजनाहरुको विवरण

| क्र.स. | योजनाको नाम | निर्माण कम्पनी | सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १० शैया अस्पताल निर्माण | सि. एम. नेशनल/विवेक एण्ड कुवेर जे. भी. वालिङ्ग-०६, स्याङ्जा | १०,७३,१४,९६१.५६ | |
| २ | ढुङ्गा, गिट्टी, बालुवा, आदिको बिक्री कर संकलन | किङ्गस कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | ३,७६,२९० | |
| ३ | गाउँपालिका क्षेत्रभित्रका कवाडी जन्य सामान निकासीको कर संकलन। | किङ्गस कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | १,८५,३२० | |
| ४ | ठुलिवेसी भर्मा कुभिण्डे घुम्सुङ्ग हुदै पर्यटकिय स्थल न्यौपानेगाँउ जाने सडक पैयूँ-२, पर्वत | श्री एच एण्ड एस ब्रदर निर्माण सेवा, मोदी-०५, पर्वत | ६९,३९,५९७.९८ | |
| ५ | सरौखोला सिरवानी हाँडिखर्क ग्यामी भोर्ले सडक पैयूँ-६,७ पर्वत | श्री शान्ति दर्शन निर्माण सेवा, पोखरा-०९, कास्की | १,१५,१४,४८१.४३ | |
| ६ | गल्छिना धरमपानी पैयूँकोट पदमार्ग पैयूँ - ४ | श्री लिला निर्माण सेवा, पोखरा-०५, कास्की | ३७,६१,१९९.४५ | |
| ७ | पालुस्थान र छहरे झरना पर्यटकीय स्थल प्रवर्द्धन कार्यक्रम पैयु गापा ३ र ५ | श्री पैयु कालिका सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा. लि., पैयूँ-०४, पर्वत | ४३,३९,८७४.१८ | |
| ८ | ठुलडाँडा, धरमपानी पैयूँकोट अधुरो पदमार्ग निर्माण, पैयूँ गापा-०४ पर्वत | किङ्गस कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | ६२,४६,७९४.८६ | |
| ९ | आधारभूत स्वास्थ्य ईकाइ, पैयूँ-०३, पर्वत | श्री श्रेयास बिल्डर्स, भिरकोट-०४, स्याङ्जा | ३१,७०,०८७.२६ | |
| १० | आधारभूत स्वास्थ्य ईकाइ, पैयूँ-०७, पर्वत | श्री एन. एस. वरेण्य बिल्डर्स प्रा. लि., फलेवास-04, पर्वत | २९,६७,१३६.८९ | |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ११ | सामुदायिक विद्यालयको कक्षा (१-१०) मा अध्ययरत सवै विद्यार्थिहरुका लागि ट्र्याक सुट वितरण | श्री सगुन फेव्रिक्स प्रा. लि. विराटनगर-०७, मोरङ | ८,७५,२१५.८५ | |
| **जम्मा** | | | १४,७६,९०,९५९.४६ | |

**विषयगत शाखा तर्फका कार्यक्रमहरुको विवरण**

**कृषि तर्फ**

| क्र.स. | मुख्य कार्यहरु |
|---|---|
| १ | कोदो उत्पादनमा प्रोत्साहन अनुदान अन्तर्गत २४१ जना कृषकलाई रोपनी अनुसार न्यूनतम अनुदान (रु. २०००–५०००) प्रदान गरियो। छनोटमा २-३ रोपनीका १७५, ३-४ रोपनीका ४२, ४-५ रोपनीका ११, ५-६ रोपनीका ११ र ६ रोपनीभन्दा माथिका २ जना कृषक परेका छन्। |
| २ | साना सिँचाइ कार्यक्रममा ११ संस्थाबाट १२ योजना छनौट, ४ योजना सम्पन्न भई भुक्तानी, बाँकी योजनाहरू निर्माण तथा भुक्तानी प्रक्रियामा। |
| ३ | ५०% लागत साझेदारीमा कृषि यन्त्र वितरण (मिनि ट्रेलर र कुटानी पिसानी मिल) कार्यक्रममा कुल आवेदक मध्ये १८ जना कृषक मिनि ट्रेलरको लागि तथा २० जना कृषक कुटानी पिसानी मिलको लागि छनौट भई मिनि ट्रेलर र कुटानी पिसानी मिल वितरणको क्रममा। |
| ४ | ५०% लागत साझेदारीमा टनेल वितरण कार्यक्रममा टनेल घर निर्माण गरेका कृषकहरुलाई मात्र टनेल वितरण गर्ने कार्यपालिकाको बैठकको निर्णय बमोजिम टनेल निर्माण गरेका कृषकलाई टनेल खरिद गरी वितरणको क्रममा। |
| ५ | माटो परीक्षण तथा निःशुल्क चुन वितरण कार्यक्रमअन्तर्गत ८० नमुनाको परीक्षण, अम्लिय माटो सुधारका लागि चुन वितरण र प्राविधिक सल्लाह प्रदान। नियमित रुपमा कृषि शाखा बाट माटो परिक्षण सञ्चालन भइरहेको। |
| ६ | एक विद्यालय एक करेसाबारी कार्यक्रम निरन्तरता (धर्मोदय मा.वि अनुदान) कार्यक्रम सञ्चालन भईरहेको। |
| ७ | हालसम्म २० मध्ये १९ वटा कृषि समूह सञ्चालनमा, १ बन्द। आ.व. २०८१/८२ मा १८ नयाँ कृषि व्यवसाय दर्ता, नविकरण नियमित रूपमा जारी। |
| ८ | • वडा नं २ को गाउँबेशी कृषक समूहलाई अदुवा बेसार कागती सुन्तला कफि खेती प्रवर्दन कार्यक्रम सम्झौता भई संचालन भईरहेको।<br>• वडा नं ७ मा उत्पादनसँग लगानी तथा युवा परिचालन भोर्ले बहुउद्देश्यीय कृषक समूह (कार्यक्रम निरन्तरता) सम्झौता भई सञ्चालन भईरहेको।<br>• वडा नं ६ को वडा स्तरीय बिउविजन वितण कार्यक्रम सञ्चालन भईसकेको। |
| ९ | किसान सूचीकरण कार्यक्रममा कुल २२२० घरधुरीको विवरण प्रणालीमा प्रविष्ट गरी ९०१ घरधुरीको विवरण प्रमाणीत भएको र बाँकी घरधुरीको प्रमाणीकरणको कार्य जारी। |
| १०. | आ.व २०८१/८२ मा नयाँ सुन्तलाजात (पकेट) विकास कार्यक्रमको क्षत्र निर्धारण गरी लाभग्राही छनौटको क्रममा। |
| ११ | आकस्मिक बाली संरक्षण कार्यक्रममा जैविक तथा रसायनिक विषादी खरिद गरी कृषकहरुको खेत बारीमा देखिएका रोग तथा किराको नियमित फिल्ड अनुगमन, व्यवस्थापनका लागी प्राविधिक सुझाव सल्लाह तथा आवश्यक विषादी वितरण। |

**स्वास्थ्य तर्फ**

| क्र.स. | मुख्य कार्यहरु |
|---|---|
| १ | बृहत छातिरोग सम्बन्धि स्वास्थ्य शिविरमा ९५७ जना बिरामीहरुले सेवा लिएका साथै सोही शिविरवाट ६ जना नयाँ क्षयरोगका बिरामीहरु पहिचान भएका। |

| | |
|---|---|
| २ | पैयूँ गाउँपालिका वडा नं. ७ स्थित जनता माविमा आयोजित बृहत सेवा सहितको स्वास्थ्य शिविरमा ३०३ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन्। |
| ३ | मंसिर र जेठ महिनामा बिद्यालयमा जुकाको औषधि खुवाउने कार्यक्रम सञ्चालन गरिएको। |
| ४ | पैयूँ गाउँपालिकाका थप स्वास्थ्य संस्थाहरुलाई डिजिटलाइज्ड बनाउने उद्देश्यले डेस्कटप वा ल्यापटप नभएका संस्थाहरुलाई ल्यापटप वितरण गरि सम्पूर्ण संस्थाहरुमा eHMIS अनलाइन रिपोर्टिङ प्रणाली सञ्चालन गरिएको। |
| ५ | सुनौला १००० दिनका आमाहरुलाई स्वास्थ्य शिक्षा तथा पोषण लेखाजोखा कार्यक्रम। |
| ६ | पैयूँ गाउँपालिकालाई २०८२ वैशाख ७ गतेका दिन १६ महिनादेखि २७ महिनासम्मका जम्मा ३१८ बालबालिकालाई पूर्ण खोप प्रदान गरिएको आधारमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको घोषणा गरिएको छ। |
| ७ | सबै वडाहरुमा सक्रिय क्षयरोगी खोज पडताल तथा सम्पुर्ण स्वास्थ्यकर्मीहरुलाई स्थलगत अनुशिक्षण कार्यक्रम सञ्चालन गरिएको। |
| ८ | प्रजनन रुग्णता सम्बन्धी कार्यक्रममा स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सर सम्बन्धी शिविर ८४ जनालाई सेवा प्रदान गरि सम्पन्न । |
| ९ | पैयूँ गाउँपालिकाका चारवटा बर्थिङ्ग सेन्टरमा सुरक्षित मातृत्व तथा नवजात शिशु सम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक ब्याकअप सेवाको व्यवस्था गरिएको। |

## उद्योग विकास शाखा तर्फ

| क्र.स. | मुख्य कार्यहरु |
|---|---|
| १ | नयाँ लघु उद्यमी सृजना तर्फ अभिमुखिकरण र सहभागितामूलक ग्रामिण लेखाजोखा वडा नं. २ र ३ मा फारम A र फारम B ४५ जनाको भरिएको । |
| २ | उद्यमशिलता विकास तालिम ८ दिने (व्यावसायिक सचेतना तथा सुरु) एवं लैङ्गिक सामाजिक समावेशिकण तालिम ४० जनालाई दिईएको । |
| ३ | प्राविधिक सिप विकास तालिममा ३ वटा छनौट भएको जसमध्ये तरकारी खेति, डलकुशन र अगरबत्ति , बटारेको धुप तथा मच्छड धुप सामाग्री बनाउने तालिम सञ्चालनमा रहेको । |
| ४ | तरकारी खेति तालिम सञ्चालन गरी उक्त उद्यमलाई ब्यवसायीक रुपमा सञ्चालन गर्नको लागी ११ जनालाइ मौसम अनुसारको बिउहरु हस्तान्तरण गरियो । |
| ५ | डलकुशन तालिम सञ्चालन गरी उक्त तालिमलाई ब्यवसायीक रुपमा सञ्चालन गर्नको लागि १० जना सहभागीलाइ कैची, स्केल र फिता प्रविधि हस्तान्तरण गरियो । |
| ६ | अगरबत्ति , बटारेको धुप तथा मच्छड धुप सामाग्री बनाउने तालिम सञ्चालन गरी सहभागीहरुलाइ आवश्यकता अनुसारको सामाग्री वितरण गरी कार्यक्रममा रहेका कच्चापदार्थ पनि उपस्थित सम्पुर्ण १५ जना सहभागीहरुलाइ तालिम पश्चात प्रदान गरियो । |
| ७ | साझा सुविधा केन्द्र CFC भवन निमार्ण क्रममा रहेको छ । |

## पशु सेवा शाखा तर्फ

| क्र.स. | मुख्य कार्यहरु |
|---|---|
| १ | पशु सेवा शाखाबाट आवश्यक औषधी खरिद गरी ५५५ जना कृषकलाई वितरण गरिएको । |
| २ | जनस्वास्थ्य, पशु स्वास्थ्य तथा सामाजिक-आर्थिक सुरक्षालाई ध्यानमा राखी रेबिज रोग नियन्त्रण कार्यक्रम अन्तर्गत यस आ.व.मा ३० वटा कुकुरहरूमा रेविज विरुद्धको खोप लगाइएको। |
| ३ | व्यवसायिक वंगुरपालक कृषकहरूलाई वंगुरपालन व्यवसायमा प्रोत्साहन गर्न ५० प्रतिशत अनुदानमा वंगुरका पाठा-पाठी वितरण कार्यक्रम सञ्चालन गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत ८० वटा वंगुरका पाठा-पाठी वितरण गरिएको। |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

| | |
|---|---|
| ४ | दूधमा आत्मनिर्भरता र प्रतिस्पर्धात्मक उत्पादन प्रवर्द्धनका लागि व्यवसायिक भैंसीपालन फर्मलाई प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत लाभग्राही छनौट गरी कार्यक्रम सञ्चालनमा रहेको छ। |
| ५ | पशुपंक्षी स्वास्थ्य, रोग नियन्त्रण, खाद्य सुरक्षा, उत्पादनशीलता वृद्धि, जनस्वास्थ्य संरक्षण तथा व्यवस्थापन सुधारको उद्देश्यले पशुपंक्षी प्रयोगशाला स्थापना गरिएको। |
| ६ | वडा नं ६ मा अवस्थित छाडा चौपाया व्यवस्थापन केन्द्रलाई प्रोत्साहन प्रदान गरिएको। |
| ७ | उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापनको उद्देश्यले पैयूँ गाउँपालिकाभित्र रहेका बजारहरूमा विक्रि वितरण हुने वस्तुहरूको गुणस्तर, मूल्य र गतिविधिहरूको अनुगमन गर्दै ११६ वटा पसलहरूको निरीक्षण तथा अनुगमन गरिएको। |
| ८ | व्यवसायिक बाख्रापालन प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत २९ जना लाभग्राही छनोट गरी तोकिएको रकम बैंक खातामा भुक्तानी गरिएको। |

## रोजगार सेवा केन्द्र

| आ.व. | बेरोजगार सूचिकृत संख्या | रोजगार पाएको संख्या |
|---|---|---|
| ०७९/८० | २४५ | |
| ०८०/८१ | २६२ | |
| ०८१/८२ | २९३ | ५३(१०० दिनको रोजगारी प्रदान गरिएको) |
| प्रत्येक वडामा सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी वैदेशिक रोजगारमा कसरी सुरक्षित भएर जाने साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता सम्वन्धी जानकारी प्रदान गरिएको। | | |
| "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रमअन्तर्गत प्रत्येक वडामा श्रमिकलाई प्रधानमन्त्री रोजगार कार्यक्रम तथा श्रमसम्बन्धी अधिकारबारे अभिमुखीकरण प्रदान गरिएको। | | |
| ७० जना व्यक्तिलाई पुनःश्रम स्वीकृतिमा सहजीकरण गरिएको | | |

## महिला बालबालिका शाखा

| क्र.स. | मुख्य कार्यहरु |
|---|---|
| १ | अपाङ्गता परिचय वितरण शिविर प्रत्येक वडामा सञ्चालन गरिएको। शिविर र अन्य बैठकमार्फत ९ वटा विभिन्न प्रकारका अशक्त भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरियो। |

| कार्ड विवरण | रातो कार्ड | निलो कार्ड | पहेलो कार्ड | सेतो कार्ड | जम्मा |
|---|---|---|---|---|---|
| हाल सम्मको जम्मा | ३७ | ६२ | ६६ | २४ | १८९ |
| यस आ.व.स.मा मात्र | १ | ४ | २ | २ | ९ |

| | |
|---|---|
| २ | अन्तराष्ट्रिय नारी दिवसको अवसर पारी महिला दिदिबहिनिहरुमा रहेको प्रतिभाको प्रस्फुटन तथा प्रोत्साहनका लागि नृत्य सहितको लोक गित प्रतियोगिता सञ्चालन गरियो ।जसमा ४०० जना व्यक्तिहरुको उपस्थिति रहेको थियो र १० जना समुहले सहभागिता लिनु भएको थियो। |
| ३ | अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक अवस्था एकदमै कमजोर रहेको र उनिहरुलाई सहायता सामाग्री आवश्यक रहेका कारण अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री वितरण गरिदै आएको। |
| ४ | स्वास्थ्य बीमा कार्यविधि, २०८१ अनुसार ग र घ वर्गका अपाङ्गता भएका व्यक्ति तथा विपन्न नागरिकको लागि बीमा दर्ता सहयोगीमार्फत वडा नं १ देखि ७ सम्म स्वास्थ्य बीमा कार्यक्रम सम्पन्न गरिएको। |

## शिक्षा शाखा तर्फ

| क्र.स | मुख्य कार्यहरु |
|---|---|
| १ | कक्षा १ देखि १० सम्मका सम्पूर्ण १,७९३ विद्यार्थीलाई शैक्षिक सत्र २०८१ मा विद्यालय पोशाक (ट्र्याकसुट) वितरण गरिएको। |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

| | |
|---|---|
| २ | आन्तरिक रुपमा दरवन्दी मिलान कार्य सम्पन्न गरिएको। |
| ३ | प्रधानाध्यापकहरूलाई प्रोत्साहनस्वरूप प्रधानाध्यापक प्रोत्साहन भत्ता प्रदान गरिएको। |
| ४ | कक्षा १ देखी ५ सम्म अनिवार्य अंग्रेजी माध्यममा पठनपाठन सञ्चालन र कक्षा ६ देखी १० सम्म ऐच्छिक रुपमा नेपाली र अंग्रेजी मिडियममा पठनपाठन सञ्चालन गरिएको र सोका लागी गाउँपालिका तर्फबाट निशुल्क रुपमा पाठ्यपुस्तक वितरण गरिएको। |
| ५ | शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागी गाउँपालिकाको आफ्नै पहलमा नमुना विद्यालय छनौट गरी सोको व्यवस्थापनका लागी नियमित अनुदान दिदै आएको। |
| ६ | स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १ देखी ८ सम्मको स्थानीय पाठ्यपुस्तक छपाई कार्य अघि बढाइएको। |
| ७ | विद्यालय तहमा सञ्चालन हुने अर्धवार्षिक परीक्षालाई गाउँपालिका स्तरबाट व्यवस्थापन गरिएको। साथै कक्षा ८ को बार्षिक परिक्षा केन्द्र निर्धारण गरि सोको सम्पूर्ण व्यवस्थापन गाउँपालिकामार्फत गरिएको। |
| ८ | बालविकास केन्द्रहरुको व्यवस्थापन क्रमिक रुपमा अगाडी बढाईएको। |
| ९ | शैक्षिक कार्यक्रममा एकरुपता ल्याउन गाउँपालिकास्तरीय शैक्षिक क्यालेन्डर निर्माण गरि सम्पूर्ण कार्यक्रम सम्पन्न गरिएको । |

## पुर्वाधार विकास शाखा तर्फ

| क्र.स. | मुख्य कार्यहरु |
|---|---|
| १ | फोहोरमैला व्यवस्थापन परियोजना संकलन केन्द्र निर्माण गरि सञ्चालनमा आएको। |
| २ | भोर्ले ग्यामीमा सडकबोर्डको साझेदारीमा सडक स्तरउन्नतीको कार्य निर्माणाधिन रुपमा रहेको । |
| ३ | १० शैया अस्पताल निर्माण सम्पन्न हुने चरणमा रहेको । |
| ४ | ठुलिबेसि भर्मा कुबिन्डे घुमसुम न्यौपाने गाँउ सडकको ८५ प्रतिशत काम सम्पन्न भएको । |
| ५ | सरौखोला सिरवानी हाँडिखर्क ग्यामी भोर्ले सडक पैयूँ-6,7 पर्वत निर्माण सम्पन्न भएको । |
| ६ | गल्छिना धरमपानी पैयूँकोट पदमार्ग पैयूँ —४ निर्माण सम्पन्नको चरणमा रहेको । |
| ७ | पालुस्थान र छहरे झरना पर्यटकीय स्थल प्रवर्द्धन कार्यक्रम पैयु गापा ३ र ५ मा ६० प्रतिशत काम सम्पन्न भएको । |
| ८ | आधारभूत स्वास्थ्य ईकाइ, पैयूँ-३, निर्माणको चरणमा रहेको । |
| ९ | आधारभूत स्वास्थ्य ईकाइ, पैयूँ-७, निर्माणको चरणमा रहेको । |
| १० | खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण संकलन कार्य अन्तिम चरणमा रहको । |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३